# नेपाल सरकार
## कृषि तथा पशुपन्छी विकास मन्त्रालय
# प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
### परियोजना कार्यान्वयन एकाइ, बारा (कार्यक्षेत्र : बारा र पर्सा)

**प्रथम पटक प्रकाशित सूचना मिति : २०८१।०५।०२**

यस प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाई बाराको आ.व. २०८१।८२ को स्वीकृत बार्षिक तपसिलका कार्यक्रमहरु कार्यान्वयन गर्नका लागि यस कार्यालयमा सुचिकृत भएका सुपरजोन/जोन क्षेत्रका कृषक समूह/कृषि सहकारी/जल उपभोक्ता/कृषि फर्म/कम्पनीहरुले यो सूचना प्रकाशित भएको मितिले ३० दिन (२०८१/०५/३१ गते) भित्र यस परियोजना कार्यान्वयन एकाई बारा वा प्राविधिक जोन एकाई पर्सामा आवश्यक कागजात सहित प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । रित नपुगी वा म्याद नाघी आएका प्रस्तावहरु सामावेश गरिने छैन् । थप जानकारीको लागि परियोजना कार्यान्वयन एकाई, बारा वा प्राविधिक जोन एकाई, पर्सामा सम्पर्क गर्न सकिनेछ ।

**तपसिल**

| क्र.स. | कार्यक्रम / क्रियाकलाप | इकाई | बार्षिक लक्ष्य परिमाण | स्वीकृत बजेट रु लाखमा | कार्यक्रम अनुदान विवरण | कैफियत |
|---|---|---|---|---|---|---|
| | **माछा सुपरजोन बारा** | कलैया उ.म.न.पा., कोल्हवी न.पा., सिम्रौनगंढ न.पा., महागढीमाई न.पा., पचरौता न.पा., आर्दश कोतवाल गा.पा., करैयामाई गा.पा., देवताल गा.पा., बारागढी गा.पा., सुवर्ण गा.पा., परवानीपुर गा.पा., प्रसौनी गा.पा., फेटा गा.पा. र विश्रामपुर गा.पा. । | | | | |
| १ | माछाको सुकुटी बनाउने उधोगमा भटि निर्माण/मर्मतमा सहयोग | पटक | १ | ५. | ५० प्रतिशत सम्म अनुदान | |
| २ | हयाचरी सुद्रीढीकरण कार्यक्रम | वटा | २ | १०. | ५० प्रतिशत सम्म अनुदान | |
| ३ | पुरानो आइस प्लान्ट सुदिढीकरण कार्यक्रम | वटा | ४ | २८. | ५० प्रतिशत सम्म अनुदान | |
| ४ | पैलेट मेसिन र उत्पादन | वटा | १ | १५. | ५० प्रतिशत सम्म अनुदान | |
| | **तरकारी जोन बारा** | कलैया उप.महा.न.पा., सिम्रौनगंढ न.पा.र आदर्शकोतवाल गा.पा.। | | | | |
| ५ | तरकारीको क्षेत्रफल विस्तार | हेक्टर | २० | ४०. | ५० प्रतिशत सम्म अनुदान | |
| ६ | बजारीकरणको लागि ५० प्रतिशत अनुदानमा ई लोडर वितरण | वटा | ८ | १६. | ५० प्रतिशत सम्म अनुदान | |
| | **तरकारी जोन लागु भएका जिल्लाहरुमा व्यवसायिक प्याज प्रवर्धन कार्यक्रम** | कलैया उप.महा.न.पा., सिम्रौनगंढ न.पा.र आदर्शकोतवाल गा.पा.। | | | | |
| ७ | व्यवसायिक प्याज प्रवर्धन कार्यक्रम | पटक | ४ | १७. | ५० प्रतिशत सम्म अनुदान | |
| | **केरा जोन बारा** | निजगंढ न.पा. र जितपुरसिमरा उप.महा.न.पा. । | | | | |
| ८ | प्राविधिक शिक्षालयमा कृषि प्रविधि सिकाई तथा प्रदर्शन केन्द्र स्थापना | पटक | १ | ४.२५ | ५० प्रतिशत सम्म अनुदान | |
| ९ | केराको क्षेत्रफल विस्तार | हेक्टर | २० | ३०.६ | ५० प्रतिशत सम्म अनुदान | |
| १० | सहकारी संजाल मार्फत कृषि उपजको बजारीकरण सहयोग | संख्या | १ | १२. | ५० प्रतिशत सम्म अनुदान | |
| | **गाई/भैसी जोन बारा** | कलैया उ.म.न.पा., जितपुरसिमरा उ.म.न.पा., कोल्हवी न.पा., निजगंढ न.पा. र प्रसौनी गा.पा. । | | | | |
| ११ | चिलिङ्ग भ्याट स्थापना सहयोग | संख्या | १ | ४.५ | ५० प्रतिशत सम्म अनुदान | |
| | **धान जोन बारा र पर्सा** | बारा जिल्लाको सुवर्ण गा.पा. र देवताल गा.पा । पर्सा जिल्लाको पर्सागढी नगरपालिका वडा नं १,२,३ र ४, सखुवाप्रसौनी गाँपालिकाको वडा नं १, २ र ३, पटेर्वा सुगौली गाँउपालिका को वडा नं १, २ र ३,४,५ जीराभवानी गाँउपालिकाको वडा नं १,२,३,४ र ५ तथा ठोरी गाँउपालिकाको वडा नं २,३,४ र ५ थपमा पर्सागढी नगरपालिका वडा नं ५,६,७,८ र ९ . | | | | |
| १२ | धान बिज वृद्धि कार्यक्रममा अनुदान | हेक्टर | २५ | ११.२५ | ५०-८५ प्रतिशत सम्म अनुदान | |
| १३ | ५० प्रतिशत अनुदानमा राइस ट्रान्सपलान्टर ट्रे समेत | संख्या | १ | १५. | ५० प्रतिशत सम्म अनुदान | |
| १४ | धानजोनमा छनौट भएका समुह /सहकारीलाई रोटा भेटर वितरण | संख्या | ६ | ६. | ५० प्रतिशत सम्म अनुदान | |
| १५ | समूह/सहकारीको साझेदारीमा बिउ भण्डारण गृह निर्माण ८५ प्रतिशत अनुदानमा | संख्या | १ | २. | ८५ प्रतिशत सम्म अनुदान | |
| १६ | धान मिल स्तरीकरण | संख्या | १ | १६. | ५० प्रतिशत सम्म अनुदान | |
| १७ | धान चिरा/भुजा मिल स्थापना र संचालन | संख्या | १ | २५. | ५० प्रतिशत सम्म अनुदान | |
| १८ | वीउ उत्पादन कार्यक्रम | हेक्टर | १०० | १७. | ५०-८५ प्रतिशत सम्म अनुदान | |
| १९ | मसिना धान प्रवर्धन कार्यक्रम | हेक्टर | ६० | ९.६ | ५० प्रतिशत सम्म अनुदान | |
| | **माछा जोन पर्सा** | पर्सा जिल्लाको धोबिनी गा.पा., पकाहा मैनपुर गा.पा., कालिकामाई गा.पा., विन्ध्यवासिनी गा.पा., छिपहरमाई गा.पा., पोखरिया न.पा., बिरगंज उ.म.न.पा.को वडा नं. २७ क्षेत्र । | | | | |
| २० | नयाँ पोखरी निर्माण | वटा | १५ | ४५. | अधिकतम प्रति कठ्ठा १० हजार सम्म | |
| | **सुपरजोन/ जोन बारा र पर्सा जिल्ला भरीबाट प्रस्ताव पेश गर्न सकिने** | | | | | |
| २१ | कुलो निर्माण तथा मर्मत सम्भार | संख्या | २७ | ४०. | ५०-८५ प्रतिशत सम्म अनुदान | |
| २२ | जोन/सुपरजोन क्षेत्रमा कृषि यान्त्रीकरण सहयोग | पटक | १ | ८०. | ५० प्रतिशत सम्म अनुदान | |
| २३ | सिंचाइ पुर्वाधार निर्माण तथा मर्मत सम्भार | संख्या | १०० | १००. | ५०-८५ प्रतिशत सम्म अनुदान | |
| २४ | स्यालो टयूबेल वोरिङ्ग लगायतका (भुमिगत सिचाँई पुर्वाधार) | पटक | ६० | ४८. | ५०-८५ प्रतिशत सम्म अनुदान | |

क्रमशः अन्तिम पेजमा

| बारा र पर्सा जिल्ला भरीबाट प्रस्ताव पेश गर्न सकिने | | | | | | |
|---|---|---|---|---|---|---|
| २५ | चैते धान खेती विस्तार सहयोग | हेक्टर | १०० | ८५. | ५० प्रतिशत सम्म अनुदान | |

**आवेदन साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु :**

१. रु १० को टिकट सहितको अनुसूचि १० अनुसारको निवेदक फार्म ।
२. कृषि संस्थाको दर्ता प्रमाण पत्रको प्रतिलिपि (नविकरण भएको) ।
३. प्यान नम्बरको प्रतिलिपि ।
४. आ.व. २०८०।०८१ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि ।
५. कार्य समितिको निर्णयको प्रतिलिपि (समुह/सहकारी समितिको हकमा) ।
६. कृषि संस्थाको अध्यक्षको नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
७. नयाँ मत्स्य पोखरी निर्माण गर्ने जग्गाको नक्सा र जग्गा धनी पुर्जाको प्रतिलिपि, एकासगोल परिवारको नातामा पर्नेको हकमा सक्कल मन्जुरनामा वा भाडाको जग्गाको हकमा कम्तीमा दश वर्षको सम्झौता पत्र पेश गर्नु पर्ने ।
८. सार्वजानिक निर्माण सँग सम्बन्धित कार्यक्रम संचालन गर्न सम्बन्धित कृषि संस्थाको जग्गा/जमिनको स्वामित्व रहेको कागजात र अन्य कार्यक्रम संचालनको लागि जग्गा जमिन स्वामित्व रहेको कागजात वा भाडाको जग्गाको हकमा कम्तिमा दश वर्षको सम्झौता पत्रको प्रतिलिपि पेश गर्नु पर्ने ।
९. टयाक्टर एटेचमेन्ट माँग गर्नका लागि, सम्बन्धित कृषक समूह/सहकारी/निजी फर्मको नाममा दर्ता रहेको टयाक्टरको ब्लुबुक -नविकरण भएको) प्रतिलिपि ।
१०. स्थानिय निकायको सम्बन्धित वडाको वा कृषि/पशु सेवा शाखाको सिफारिस पत्र ।
११. कार्यालयले माँग गरेको अन्य कागजातहरु कार्यालयको नियमानुसार हुनेछ ।

**नोट : समूह/सहकारीहरुले बढीमा ४ वटा कार्यक्रममा प्राथमिकता तोकेर फाराम भर्न पाउँनेछ । त्यो भन्दा बढी कार्यक्रममा फाराम भरेमा स्वीकृत हुने छैन् । विस्तृत जानकारीको लागि परियोजना कार्यान्वयन एकाई, कलैया, बारा तथा जोन प्राविधिक एकाई पर्सामा सम्पर्क राख्नुनु हुन अनुरोध छ ।**
**सम्पर्क नं.: ९८५५०३६४१२, ९८५५०४८८०७, ९८५५०४६८३५**

**कार्यालय प्रमुख**

## अन्तर्राष्ट्रिय समाचार

# भारतले तेस्रो "भ्वाइस अफ ग्लोबल साउथ सम्मेलन" आयोजना गर्दै

नयाँदिल्ली, १ भदौ (रासस/एएनआई):

भारतले आज 'भ्वाइस अफ ग्लोबल साउथ सम्मेलन' (भिओजिएसएस) को तेस्रो संस्करण आयोजना गर्नेछ ।

यो सम्मेलन भारतको 'वसुधैव कुटुम्बकम' को दर्शनमा आधारित कार्यक्रम हो । यो शिखर सम्मेलन प्रधानमन्त्री नरेन्द्र मोदीको 'एकसाथ, सबैको विकास, सबैका विश्वास र सबैका प्रयास' दृष्टिकोणको विस्तारित रुप रहेको विदेश मन्त्रालयले यस हप्ताको सुरुमा एक विज्ञप्तिमा जनाएको थियो । यस सम्मेलनले विश्वव्यापी मुद्दामा आफ्नो विचार र प्राथमिकता एकअर्कासँग साटासाट गर्न ग्लोबल साउथका सबै राष्ट्रलाई एकसाथ ल्याउने परिकल्पना गरेको छ । "दिगो भविष्यका लागि एक सशक्त ग्लोबल साउथ"को नारासहित आयोजना हुन लागेको तेस्रो भ्वाइस अफ ग्लोबल साउथ सम्मेलनमा विश्वलाई असर गर्ने जटिल चुनौतीहरू जस्तै द्वन्द्व, खाद्य र ऊर्जा सुरक्षा सङ्कट, जलवायु परिवर्तनको विषयमा छलफल हुनेछ ।

विदेश मन्त्रालयले हिजो ग्लोबल साउथका सबै देशलाई शिखर सम्मेलनमा सहभागी हुन आमन्त्रित गरेको बताएको छ । शिखर सम्मेलनमा विशेष गरी ग्लोबल साउथको क्षेत्रीय विकासमा चुनौती, प्राथमिकता र समाधानका लागि छलफल जारी राख्नेछन् । भ्वाइस अफ ग्लोबल साउथ सम्मेलनको तेस्रो संस्करण १० वटा सत्रमा विभाजन गरिनेछ । उद्घाटन र समापन सत्र राष्ट्र प्रमुख(सरकार तहमा हुनेछ र प्रधानमन्त्री नरेन्द्र मोदीले यसको सञ्चालन गर्नुहुनेछ ।

भारतले सन् २०२३ को जनवरी १२(१३ मा पहिलो र सन् २०२३ नोभेम्बर १७ मा दोस्रो भ्वाइस अफ ग्लोबल साउथ सम्मेलन आयोजना गरेको थियो । यस सम्मेलनका अघिल्ला दुवै संस्करणहरूमा ग्लोबल साउथका १०० भन्दा बढी देशहरूको सहभागिता रहेको थियो । यी दुई शिखर सम्मेलनमा विकासोन्मुख देशका नेताहरूबाट प्राप्त सुझाव र प्रतिक्रिया गत वर्ष भारतको अध्यक्षतामा जी(२० शिखर सम्मेलनको एजेन्डा र छलफलमा प्रतिबिम्बित भएको थियो ।

# डब्लुएचओद्वारा एमपक्स खोपको उत्पादन बढाउन आग्रह

जेनेभा, १ भदौ (रासस/एएफपी) :

विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) ले शुक्रबार एमपक्स भाइरसको थप खतरनाक भेरियन्टको फैलावटलाई नियन्त्रण गर्न खोपको उत्पादन बढाउन उत्पादकहरुलाई आग्रह गरेको छ ।

डब्लुएचओले प्रजातान्त्रिक गणतन्त्र कङ्गोबाट सुरु भएर अन्य देशमा फैलिएपछि एमपक्सलाई बुधबार दुई वर्षमा दोस्रोपटक विश्वव्यापी सार्वजनिक स्वास्थ्य आपत्काल घोषणा गरेको छ । "एमपक्सको प्रकोपलाई नियन्त्रण गर्न हामीलाई साच्चै नै खोपको उत्पादन बढाउन आवश्यक छ", डब्ल्यूएचओकी प्रवक्ता मार्गरेट ह्यारिसले पत्रकारलाई भन्नुभयो । डब्लुएचओले एमपक्स खोपको भण्डार भएका देशलाई हाल प्रकोप फैलिएको देशलाई वितरण गर्न आग्रह गरिरहेको छ ।

हालैका वर्षहरूमा डेनमार्कको औषधी उत्पादक बवेरियन नर्डिकद्वारा उत्पादित एमभीए(बीएन र जापानको एलसी१६ गरी दुई प्रकारका एमपक्स विरुद्धको खोप प्रयोग भइरहेको छ । ह्यारिसले पाँच लाख एमभीए(बीएन खोप हाल भण्डारमा रहेको र आवश्यकता अनुसार २४ लाख खोप तत्काल उत्पादन गर्न सकिने बताउनुभएको छ । सन् २०२५ का लागि खरिद अनुरोधमा थप एक करोड खोप उत्पादन गर्न सकिन्छ । "एलसी१६ खोपको भने व्यावसायीकरण गरिएको छैन । यो जापान सरकारको तर्फबाट उत्पादन गरिएको हो । यस खोपको पर्याप्त भण्डार छ", ह्यारिसले भन्नुभयो । डब्ल्यूएचओले एलसी१६ खोपको वितरणका लागि टोकियोसँग सहकार्य गरिरहेको बताएको छ । 'द डक्टर्स विदाउट बोर्डर्स च्यारिटी' नामक संस्थाले खोपको भण्डार भएका तर भाइरसको कुनै प्रकोप नभएका देशहरूले अफ्रिकाका प्रभावित देशलाई सकेसम्म धेरै खोप वितरण गर्न आग्रह गरेको छ ।

यसले बवेरियन नर्डिकलाई एमपक्स सङ्क्रमण फैलिएको अधिकांश देशका लागि एमभीए(बीएन खोप पहुँच बाहिर रहेको भन्दै मूल्य घटाउन समेत आग्रह गरेको छ । विश्वको सबैभन्दा ठुलो मानवीय सञ्जाल 'इन्टरनेसनल फेडेरेसन अफ रेड क्रस एन्ड रेड क्रिसेन्ट सोसाइटी' (आइएफआरसी)ले एमपक्स सङ्क्रामक देशले भाइरससँग जुध्न चुनौती सामना गरिरहेको बताएको छ । आइएफआरसीका वरिष्ठ जनस्वास्थ्य आपतकालीन अधिकारी ब्रोन्विन निकोलले अधिकांश खोप धनी देशसँग रहेको र अहिलेसम्म अफ्रिकामा पठाइएका खोपहरू प्रकोप नियन्त्रणका लागि पर्याप्त नभएको बताउनुभयो । "महाद्वीपभरी परीक्षण, उपचार र खोपको गम्भीर अभाव छ । यी अभावहरूले प्रकोप नियन्त्रणमा बाधा पुर्याइरहेका छन्", उहाँले भन्नुभयो । डब्लुएचओले सन् २०२२ मा पनि ७० भन्दा बढी देशमा फैलिएपछि मङ्कीपक्स भनेर चिनिने एमपक्सलाई विश्वव्यापी आपत्काल घोषणा गरेको थियो ।

यस वर्ष १० अफ्रिकी राष्ट्रमा एमपक्स पत्ता लागेको रोग नियन्त्रण र रोकथामका लागि डब्लुएचओका अफ्रिकी केन्द्रहरूले गत हप्ता बताएका छन् । "एमपक्सको सङ्क्रमण अफ्रिकाभित्र र त्योभन्दा बाहिर फैलन सक्ने सम्भावना रहेकाले यो चिन्ताजनक अवस्था हो", डब्लिएचओका प्रमुख टेड्रोस एड्हानोम गेब्रेयसस भन्नुभयो । प्रकोपलाई नियन्त्रण गर्न एक समन्वयकारी अन्तर्राष्ट्रिय प्रतिक्रिया आवश्यक रहेकोमा उहाँले जोड दिनुभएको छ ।

# मधेश आन्दोलनका बन्दीको रिहाइका लागि भएको सम्झौता कार्यान्वयन गर्न माग

राष्ट्रिय समाचार समिति (रासस)
काठमाडौं, १ भदौः

जनता समाजवादी पार्टी (जसपा) नेपालले विभिन्न चरणमा भएका मधेस आन्दोलनका क्रममा आन्दोलनकारी माथि लगाइएका मुद्दाहरू खारेज गर्न माग गरेको छ । जसपा नेपालको साउन २७ देखि ३० गतेसम्म बसेको केन्द्रीय समिति बैठकले आन्दोलनकारीमाथि लगाइएका मुद्दा खारेज गर्न सरकारसँग भएका सम्झौताअनुरूप बन्दीको रिहाइ गर्न माग गर्ने निर्णय गरेको हो । आज बैठकका ६७ बुँदे निर्णय सार्वजनिक गर्दै जसपाले मधेस आन्दोलनका बन्दीको रिहाइका साथै रोक्का गरिएका जग्गा, धन(सम्पत्ति फुकुवा गर्न माग गरेको छ । "आफ्नो पहिचानका लागि आन्दोलनमा लागेका आदिवासी जनजाति, लिम्बूवान्, किरात आन्दोलनकारीहरूमाथि लगाइएका मुद्दाहरू सरकारले फिर्ता लिई समस्याको न्यायोचित समाधान गरिनुपर्दछ,' जसपाले भनेको छ ।

अध्यक्ष उपेन्द्र यादवले बैठकले बन्दीहरूको रिहाइ, मुद्दा खारेजीका साथै सहिद परिवारहरूको भरण(पोषण, शिक्षा, स्वास्थ्य उपचारको व्यवस्था गर्न सरकारसँग माग गर्ने निर्णय भएको जानकारी दिनुभयो । प्रहरी कर्मचारी समायोजन ऐन, २०७६ बमोजिम प्रदेश सरकारलाई प्रहरी हस्तान्तरण गरिनुपर्ने माग गर्नुहुँदै उहाँले सङ्घीय निजामती ऐन संसद्बाट पारित गरी कर्मचारी समायोजनसम्बन्धी बाँकी कार्यहरू सम्पन्न गर्नसमेत ध्यानाकर्षण गराउनुभयो । अध्यक्ष यादवले प्रदेशमा मन्त्रालय सङ्ख्या घटाउनुपर्ने र आवश्यक ऐन निर्माण गरी संविधानको अनुसूची ६ र ७ मा भएका व्यवस्थानुसार प्रदेशहरूलाई अधिकार र स्रोतसाधन प्रदान गर्न पनि माग गर्नुभयो । संविधानमा व्यवस्था भएबमोजिम विशेष, संरक्षित तथा स्वायत्त क्षेत्र कायम गरी त्यसको क्षेत्राधिकार निर्धारण गर्न, जिल्ला समन्वय समिति आवश्यक नरहेको र त्यसको भूमिका पनि आवश्यक नदेखिएकाले हटाउनु उचित हुने जसपाको ठहर छ । स्थानीय तहलाई प्रदेश सरकारको क्षेत्राधिकारभित्र रहनेगरी राख्न आवश्यक संवैधानिक तथा कानुनी व्यवस्था गर्न, संविधानमा आवश्यक संशोधन गरी जनताद्वारा प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख/राष्ट्रपतीय प्रणाली व्यवस्था गर्न पनि जसपाको माग छ । यस्तै, सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न संविधान संशोधनका लागि संविधानविज्ञ सम्मिलित 'संविधान पुनरावलोकन आयोग' गठन गरिनुपर्ने, पूर्ण समानुपातिक निर्वाचन प्रणाली, समानुपातिक समावेशी प्रतिनिधित्व भएको सङ्घीय न्याय प्रणाली, राष्ट्रिय/जातीय पहिचानमा आधारित स्वायत्तता र स्वशासनसहित राज्य संरचना र राज्य शक्तिको बाँडफाँडलगायत प्रावधानहरू संशोधन गर्न पनि जसपा नेपालले माग गरेको छ ।

## साउनमा बजेट........

६६ करोड ४५ लाख, पुँजीगततर्फ तीन खर्ब ५२ अर्ब ३५ करोड ४० लाख र वित्तीय व्यवस्थातर्फ तीन खर्ब ६७ अर्ब २८ करोड ४५ लाख रुपैयाँ विनियोजन गरेको छ । सरकारले चालु आर्थिक वर्षका लागि १४ खर्ब ७१ अर्ब ६२ करोड ९५ लाख बराबर राजस्व उठाउने लक्ष्य छ । कर राजस्व १२ खर्ब ८४ अर्ब २० करोड, गैरकर राजस्व एक खर्ब ३५ अर्ब र वैदेशिक अनुदान ५२ अर्ब ३२ करोड ६५ लाख रुपैयाँ उठाउने लक्ष्य छ । चालु आर्थिक वर्षको पहिलो महिना सरकारले वैदेशिक अनुदान लिएको छैन ।

## मोटरसाइकल........

चालक १८ वर्ष भन्दा कम उमेरको रहेको प्रहरीले जनाएको छ । हाल प्रहरी हिरासतमा रहेका उनको नाम प्रहरीले खुलाएको छैन । जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी निरीक्षक ओम पण्डितका अनुसार मयुरधापबाट हेटौंडा बजारतर्फ आउँदै गरेको मोटरसाइकलले सडक छेउमा हिँडिरहेका बालकलाई ठक्कर दिएको थियो ।

## वृद्ध भत्ता लिन........

नक्कली नागरिकता बनाएको कसुरमा २०७७ सालमा पक्राउ परेका थिए । त्यतिबेला सर्लाही जिल्ला अदालतमा १ लाख ५० हजार धरौटीमा छुटे । २८ वैशाख २०८० मा अदालतले उनलाई १ वर्ष कैद र २० हजार रुपैयाँ जरिवानाको फैसला सुनायो । तर कैद नबसी फरार नै रहेका थिए । अहिले फेरि नागरिकता कीर्तेमा पक्राउ परेका उनलाई पटके कसुरदार भन्दै थप सजाय समेत माग गर्दै मुद्दा दायर भएको थियो ।

**नासुलाई उन्मुक्ति**

यो मुद्दाको उठान इलाका प्रहरी कार्यालय, हरिपुरले गरेपनि अनुसन्धानका क्रममा सीडीओ कार्यालयका नासु जोडिएपछि जिल्ला प्रहरी कार्यालय सर्लाहीले नै अनुसन्धान अघि बढायो । जिप्रका सर्लाहीले नासु रन्जितसहित ५ जनालाई प्रतिवादी बनाउनुपर्ने रायसहित प्रतिवेदन बुझाएको मुद्दाका फाँटका इन्सपेक्टर बालिस्टार सिंह बताउँछन् । 'हामीले नासुलाई समेत नागरिकताको कसुरमा मुद्दा चलाउनुपर्ने रायसहितको प्रतिवेदन बुझाएका थियौं । तर, मुद्दा दर्ता हुने बेलामा नासु बाहेकलाई मात्र दर्ता भएको थियो,' इन्सपेक्टर सिंहले अनलाइनखबरसँग भने, 'नासुलाई किन दर्ता भएन भन्नेबारे हामीलाई थाहा भएन ।

**प्रहरीले नासु रन्जितलाई नागरिकता**

ऐन र सामाजिक सुरक्षा ऐनअनुसार फौजदारी कारबाही हुनुपर्ने प्रहरीको राय थियो । तर सरकारी वकिल कार्यालयले नासुलाई मुद्दा चलाएन । सरकारी वकिल कार्यालयको तर्फबाट सहायक जिल्ला न्यायाधिवक्ता नारायणप्रसाद घिमिरेले उक्त मुद्दा अदालतमा दर्ता गराएका थिए । घिमिरेले पनि नासुलाई मुद्दा नचलाइएको स्वीकार गरे । 'नासुको हकमा विभागीय कारबाहीका लागि लेखी पठाउने भनेर पठाइएको हो' सहायक न्यायाधीवक्ता घिमिरेले भने ।

जबकि नक्कली नागरिकतामा बनाउने कार्यमा संलग्न कर्मचारीलाई समेत प्रतिवादी बनाएर मुद्दा दायर गरेको थियो । काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले उठान गरेको मुद्दामा ३ वैशाख २०८० मा सीडीओ कार्यालय काठमाडौंका नासु देवराज गौतमसहित ८ जनाविरुद्ध मुद्दा दर्ता भएको थियो । त्यतिबेला मुलुकी फौजदारी अपराध संहिताको दफा २७६ को उपदफा १ को सार्वजनिक लिखत किर्तेको कसुर र नागरिकता ऐन २०६३ को दफा २१ को उपदफा (२) बमोजिमको कसुरमा मुद्दा गरेको थियो । साभार : अनलाइनखबर

प्रकाशक / सम्पादकः महेशचन्द्र गौतम ९८४५०२१७१७, संवाददाता : हरिशंकर शर्मा ९८४५४७९८४९, फोटो पत्रकारः उत्तम खड्गी ९८४५०३६७५९,
कानूनी सल्लाहकारः बालमकुन्द खरेल, कार्यालय - वीर्ता, वडा नं. ४, वीरगंज, E-mail :- sarwarastriyadainik@gmail.com, मूद्रक- पौडेल प्रकाशन समूह, माईस्थान, बीरगंज